मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : २१६ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ असार ८ गते शनिबार (Saturday, 22 June 2024) नेपाल सम्वत् ११४४ Web : www.purwanchaldaily .com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

हत्या आरोपमा पक्राउ

विराटनगर, असार ०७ । कोशी प्रदेश प्रहरी कार्यालयको प्रादेशिक अनुसन्धान समूह पिआइटी र जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले छुरा प्रहार गरी हत्या गरेको आरोपमा विराटनगर-४ का २४वर्षीय गणेश भन्ने रमेश यादबलाई पक्राउ गरेको छ ।

असार ५ गते बुधबार राति रमेशले छिमेकीको घरमा पाहुना आएका दुहबी नगरपालिका-१२ सुनसरीका २३ वर्षीय अक्लेशकुमार यादबलाई सामान्य वादविवादका क्रममा धारिलो हतियार छुरा प्रहार गरेका थिए । छुरा प्रहारबाट घाइते भएका यादबको उपचारको क्रममा नोबेल अस्पताल बिराटनगरमा

(बाँकी अन्तिम पृष्ठमा)

विपद् व्यवस्थापनमा जुट्ने संघसंस्थाको प्रतिवद्धता

झापा, असार ७ । झापामा रहेका विभिन्न संघसंस्थाले विपद् व्यवस्थापनका लागि एकजुट हुने प्रतिवद्धता जनाएका छन् ।

बिर्तामोड उद्योग वाणिज्य संघले आयोजना गरेको विपद् व्यवस्थापनका लागि संघसंस्थाको भूमिका विषयक कार्यक्रममा सहभागी संस्थाका प्रमुख तथा प्रतिनिधिले यस्तो प्रतिवद्धता जनाएका हुन् ।

नेपाल रेडक्रस सोसाइटी झापा शाखाका सभापति लोकराज ढकालले विपद् व्यवस्थापनमा सबैको भूमिका सकारात्मक हुनु पर्ने बताए । विपद्को समयमा राहत र उद्धारमा सरकारी संयन्त्रको मात्रै भर पर्नु नहुने भन्दै उनले सबैले आ-आफ्नो ठाउँबाट सक्दो सहयोग गर्नु पर्ने बताए । यो वर्ष पानी अत्यधिक पर्ने पूर्वानुमान गरिएकोले राहत, उद्धार तथा पूर्वतयारीमा एकजुट हुन ढकालको सुझाव छ । सहारा नेपाल सहकारी संस्थाका प्रमुख कार्यकारी निर्देशक तथा सामाजिक अभियन्ता महेन्द्रकुमार गिरीले विपद्को समयमा सबै मिलेर अघि बढ्नु पर्ने सुझाव दिए । उनले विपद्को पूर्वतयारी लागि राहत कोष स्थापना गर्न सुझाव दिएका छन् ।

जसका लागि कोभिडको समयमा संकलन भएको रकम मध्ये केही रकम मौजात रहेको

र सोही रकमलाई बढाएर पाँच करोड रुपैयाँको विपद् व्यवस्थापनका लागि अक्षयकोष स्थापना गर्न अनुरोध गरे ।

सबै झापाली मिलेर एकसय रुपैयाँ 'क्यूआर' मार्फत जम्मा गर्ने हो भने पाँच करोड रुपैयाँको विपद् व्यवस्थापन गर्न अक्षयकोष स्थापना गर्न सकिन्छ - उनले भने - जुन कोषबाट प्राप्त आम्दानीले आइपर्ने विपद्मा राहत र उद्धारमा सहयोग पुग्छ ।

'एकका लागि एक अभियान' मार्फत जम्मा भएको रकम मध्ये ८० लाख रुपैयाँ रहेको र त्यसको ब्याज सहित झण्डै एक करोड रुपैयाँ खातामा मौजाद छ अध्यक्ष गिरीले भने - अब हामीले पाँच करोड रुपैयाँको कोष स्थापना गर्न चार करोड रुपैयाँ मात्र जम्मा गर्नु पर्छ ।

मेची आँखा अस्पतालका अध्यक्ष तथा नेपाली कांग्रेस झापाका कोषाध्यक्ष जलकुमार गुरुङले विपद् बारे अध्ययन र योजना बनाउन नसक्दा बाढीजन्य विपद्का कारण बर्षेनि झापाबासीले सास्ती व्यहोर्दै आएको र त्यसलाई न्यूनीकरणका लागि योजना बनाएर अघि बढ्नु पर्ने बताए । आपत पर्दा हारगुहार माग्नुअघि पूर्वतयारी र सचेतना जरुरी रहेको गुरुङको भनाइ छ ।

नेपाली कांग्रेस झापाले समेत गाउँस्तरसम्म विपद् व्यवस्थापनमा जुट्न संयन्त्र बनाएको र व्यवसायीले समेत यो खाले तदारुकता देखाएको भन्दै धन्यवाद ज्ञापन गरे । उनले विपद् व्यवस्थापनमा आफू सहयोग गर्न तत्पर रहेको समेत बताए ।

जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक मिलन केसीले विपद् व्यवस्थापनका लागि सुरक्षा निकाय तयारी अवस्थामा रहेको र विपद् व्यवस्थापनका लागि छुट्टै गुल्म समेत रहेको बताएका छन् ।

बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रम प्रमुख अथिति समेत रहेका प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बाँस्तोलाले बिपद् व्यवस्थापनका लागि पूर्व तयारीको काम भइरहेको र सबै क्षेत्रबाट सहयोगको खाँचो रहेको बताए । उनले झापामा हुन सक्ने विपद् जोखिमको अध्ययनको काम भइरहेको र जनस्तरमा पुगेर राहत र उद्धारका कामलाई प्रभावकारी बनाउन सचेतना अभियान समेत जारी राखेको बताए ।

कार्यक्रममा चेम्वर अफ कमर्सका अध्यक्ष ओमकृष्ण विमली, वीरता लेडी जेसीजकी अध्यक्ष मीनु ओली लगायतले आ-आफ्नो

(बाँकी अन्तिम पृष्ठमा)

इलाममा हट्दै छ आकाशे पानी माथिको परनिर्भरता

फिक्कल, असार ७। वर्षौंदेखि आकाशेपानीको भरमा खेती गर्दै आएका इलामको सन्दकपुर गाउँपालिका-५ जमुनाका निरकुमार फागो यतिबेला सुखी छन् । उनी मात्रै होइन यहाँका सयौं किसान वर्षौंदेखि आकाशेपानी पर्खनुपर्ने बाध्यताबाट मुक्त भएसँगै खुसी भएका हुन् ।

जमुनामा कोशी प्रदेश सरकार खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालयअन्तर्गत जलस्रोत तथा सिँचाइ विकास डिभिजन इलामले रु. २० लाखको लागतमा धुवाखोला सिँचाइ आयोजना निर्माण गरेपछि उनीहरु खुसी भएका हुन् । आयोजना सम्पन्न भई खेतमा पर्याप्त पानी आउन थालेको छ । पक्की नहरको माध्यमबाट किसानका खेतमा सिँचाइ पुगेपछि वर्षौंदेखि बाँझिएका खाली जमिनमा पनि खेती गर्ने जाँगर आएको छ- फागोले भने - सिँचाइ सुविधा विस्तारपछि मौसमअनुसारका अन्नबाली तथा तरकारीबाली उत्पादन गर्न थालेका छौं ।

स्थानीय धुवाखोलाको पानी व्यवस्थापन गरी खेतसम्म पुऱ्याएपछि यतिबेला त्यहाँका किसानको दैनिकीसमेत फेरिएको आयोजना उपभोक्ता समितिका उपाध्यक्षसमेत रहेका किसान फागोले बताए । पहिले पहिले धान रोप्नका लागि आकाशेपानी पर्खनुपर्ने बाध्यता थियो, समयमा पानी नपर्दा खेत बाँझै राख्नुपर्ने बाध्यता पनि थियो, सिँचाइ आयोजना सम्पन्न भएपछि यसपटक समयमै रोपाइँ गरेका छौं- फागोले भने ।

जलस्रोत तथा सिँचाइ विकास डिभिजन इलामका प्रमुख रामनारायण श्रेष्ठले आयोजनाबाट यस क्षेत्रको ७५ हेक्टर क्षेत्रफल खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुगेको र छ सय ३१ किसान प्रत्यक्ष लाभान्वित भएको बताए ।

जमुनामा मात्रै होइन यहाँको फाकफोकथुम गाउँपालिका-३ आमचोकका किसान पनि यस वर्षदेखि उत्तिकै खुसी भएका छन् । यहाँ पनि कोशी प्रदेश सरकारको रु. २० लाखको लागतमा निर्माण भएको सिम्ले कुलो सिँचाइ आयोजनाले किसानलाई राहत भएको छ । यस आयोजनाबाट ८० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ भने चार सय ५० किसान परिवार प्रत्यक्ष लाभान्वित भएका छन् ।

उक्त सिँचाइ आयोजना उपभोक्ता समितिका सचिवसमेत रहेका किसान टेक भारतीले पानी सुविधापछि खेत बाँझै राख्ने समस्या समाधान भएको बताए । विगतका वर्षमा आकाशेपानीको पर्खाइमा त असार-साउन नै बित्ने गर्दथ्यो, सिँचाइ सुविधा विस्तारपछि यस वर्ष भने समयमै रोपाइँ गरेका छौं- भारतीले भने - हामी चार सय ५० किसान परिवार निकै हर्षित छौं, उत्पादनसमेत बढ्नेमा आशावादी छौं ।

जमुना र आमचोक प्रतिनिधि उदाहरण मात्र हुन् । इलाममा कोशी प्रदेश सरकारले सिँचाइ सुविधाका लागि चालू आर्थिक वर्षमा मात्रै रु. चार करोड ८० लाख ७० हजार लगानी गरेको छ । त्यसबाट ठूलासाना, नयाँ निर्माण र पुराना मर्मतसम्भार गरी ३५ आयोजनाका लागि उक्त रकम खर्च गरिएको हो । तीमध्ये २३ आयोजना सम्पन्न भइसकेका छन् भने आठ आयोजना अन्तिम चरणमा रहेका सिँचाइ विकास डिभिजन इलामका प्रमुख श्रेष्ठले जानकारी दिए । सम्पन्न

(बाँकी अन्तिम पृष्ठमा)

भरुवा बन्दुकसहित एक जना पक्राउ

असार, खोटाङ ०७ । खोटाङको रावावेशी गाउँपालिका-६ का ४५ बर्षीय दिलबहादुर राईलाई १ थान भरुवा बन्दुक सहित प्रहरीले नियन्त्रणमा लिएको छ ।

गोप्य सूचनाको आधारमा प्रहरी चौकी जाल्पाबाट खटिएको प्रहरी टोलीले राईले गोठमा लुकाइ छिपाइ राखेको अवस्थामा भरुवा बन्दुक थान -१ र बन्दुकमा प्रयोग हुने छर्रासहित उनलाई नियन्त्रणमा लिएको हो । अवैध भरुवा बन्दुकसहित पक्राउ परेका राईलाई जिल्ला प्रहरी कार्यालय खोटाङले थप अनुसन्धान गरिरहेको बताइएको छ ।

लागूऔषध ब्राउन सुगरसहित २ जनापक्राउ

झापा, असार ०७ । इलाका प्रहरी कार्यालय कुमरखोद झापाबाट खटिएको प्रहरी टोलीले लागूऔषध ब्राउन सुगरसहित २ जना भारतीय नागरिकलाई पक्राउ गरेको छ ।

झापा गाउँपालिका-१ सालमारास्थित झुलुङेपुल बगानमा चेकजाँचमा खटिएको प्रहरीको टोलीले साइकलयात्री भारत किसनगञ्ज कुतवाभिट्टाका४० बर्षीय जुलमात हुसेन र साइकल पछाडि सवार २० बर्षीय तोसिफ आमललाई १७ ग्राम २२० मिलिग्राम प्रतिबन्धित लागूऔषध ब्राउन सुगरसहित नियन्त्रणमा लिएको हो । लागूऔषध ब्राउन सुगरसहित पक्राउ परेका उनीहरुको जिल्ला प्रहरी कार्यालय झापाबाट थप अनुसन्धान भइरहेको बताइएको छ ।

बजेट पुस्तिका बनाउन निर्देशन

बिर्तामोड ७ असार। नेपाली कांग्रेस झापाले स्थानीय तहमा योजना छनौट गरी बजेट पुस्तिकामा समावेश गराउने कार्यमा क्रियाशील रहन नेपाली कांग्रेस पालिकास्तरीय समन्वय एवम् सहजीकरण समिति र पार्टी संगठनलाई निर्देशन दिएको छ ।

नेपाली कांग्रेस जिल्ला कार्य समिति झापाका सभापति देउकुमार थेवेको सभापतित्वमा शुक्रवार सम्पन्न बैठकले स्थानीय तहको नीति निर्माण एवम् बजेट तर्जुमा कार्य भइरहेको हुँदा वडा एवम् नगरस्तरका योजनाहरु बजेटमा समावेश गराउने कार्यमा क्रियाशील हुन निर्देशन दिएको पार्टीका उपसभापति शेरबहादुर भट्टराइले जानकारी दिए ।

स्थानीय तहमा असार १० भित्र नीति तथा योजना पेश गर्नुपर्ने र असार २५ भित्रमा बजेट सार्वजनिक गर्नुपर्ने संवैधानिक व्यवस्था छ । पालिकाहरुमा नीति

(बाँकी अन्तिम पृष्ठमा)

सुनको कारोबार गर्ने तीन जना पक्राउ

काठमाडौं, असार ७। अवैध रूपमा भन्सार छली सुनको कारोबार गरेको अभियोगमा ३ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा बाँके खजुरा गाउँपालिका-८ बस्ने २४ वर्षीय मोहमद दिलसाद खाँ, नवलपरासी पूर्व गैंडाकोट नगरपालिका-१३ घर भई काठमाडौं महानगरपालिका-२६ बस्ने ४३ वर्षीय सन्तोष परियार र तनहुँ भानुनगरपालिका-७ घर भई काठमाडौं महानगरपालिका-२६ बस्ने २५ वर्षीय अन्जिल गुरूङ रहेका छन् ।

हिमालय एयरलाइन्सको उडान मार्फत कतारबाट नेपाल आएका व्यक्तिहरूले भन्सार छली अवैध रूपमा सुन ल्याई कारोबार गर्ने गरेको भन्ने सूचनाको आधारमा काठमाडौं अपराध अनुसन्धान कार्यालय मीनभवनबाट खटिएको प्रहरीले मोहमद दिलसादलाई पाइन्टको कम्मरको भागमा टिस्यु पेपरले फोल्ड गरी लुकाइ छिपाइ राखेको ६९ ग्राम ८ सय ९० ग्राम तौल भएको सुनको ब्रास्लेट १ थान र ११ ग्राम ६ सय ५० ग्राम तौल भएको बेरूवा औंठी १ थानसहित काठमाडौं सिनामंगलबाट पक्राउ गरेको हो ।

५०१ किमी सडक कालोपत्रे, ८१ वटा पुल निर्माण

सन्तोष बिष्ट

घामपानी छल्ने घर, सडकमा पहुँच, विजुलीको उपयोग, शुद्ध खानेपानी प्रयोग, स्वास्थ्य र शिक्षाको आधारभूत आवश्यकता प्राप्तिलाई भौतिक विकास भनिन्छ । मानव संसाधन सम्बन्धि विकास हाम्रो देशका लागि अली टाढाको कुरा हो । मानव संसाधन विकासका लागि हरेक नागरिक अर्थ उपार्जनमा जोडिएर आत्मनिर्भर बन्ने अवस्था सिर्जना हुनुपर्छ । नेपाल श्रम बजार सर्वेक्षण २०७४/०७५ अनुसार सरकारी क्षेत्र तथा राज्यको स्वामित्वमा भएको निकायबाट ६ लाख ६६ हजार ९९५ रोजगारी सिर्जना भएको छ । यो कूल जनसङ्ख्याको ९ दशमलव ४ प्रतिशत हुन आउँछ । निजी क्षेत्रले दिएको रोजगार ५० दशमलव १ प्रतिशत देखिएको छ भने बाँकी जनसङ्ख्या अर्काले कमाएको खाने छ ।

विकाससँग रोजगार जोडिएर आउने विषय हो । सडक सञ्जाल बिस्तार हुँदै जाँदा हिमाली क्षेत्र र पहाडी क्षेत्रको उत्पादनले राम्रो बजार पाएका छन् । हिजो बारीमा कुहिएर सकिने आलु, स्याउ,नास्पाती लगायतका तरकारी फलफूलको राम्रो मूल्य बढेको छ । जसले गर्दा कूल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको संलग्नता ४६ दशमलव १ प्रतिशतबाट वृद्धि भई आर्थिक वर्ष २०७८/०७९ मा ६१ दशमलव १ प्रतिशत पुगेको छ ।

प्रदेश सरकार गठनपछि आशा

नेपालको संविधानको धारा १७६ मा व्यवस्था भए बमोजिम कोशी प्रदेशको प्रदेशसभा गठन भयो । संविधानको धारा १९५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम वि.सं.२०७४ साल माघ १७ गते प्रदेशसभा सचिवालयको स्थापना भयो । वि.सं. २०७४ माघ २२ गते सभाको पहिलो बैठक बसी प्रदेशसभाको कार्य प्रारम्भ भएको थियो । प्रदेशसभाले कोशी प्रदेश सरकार गठन गरेपछि सर्वसाधरणमा ठूलो आश जागेको थियो ।

लामो समयदेखि गणतन्त्रको प्रतीक्षा गरेका नेपाली जनताले प्रदेशसभा गठन भएपछि विकासको मूल फुटछ भन्ने अपेक्षा गरेका थिए । संसदमा सबै धर्म, वर्ग, जात भाषाभाषीको प्रतिनिधित्व भयो । यसले केही आशाको किरण देखिएको थियो । प्रदेश सरकारले पनि सोही अनुसार आशा जगाउने बजेट ल्यायो । २०७४ मा बजेट आउँदा कोशी प्रदेशका सबै निर्वाचन क्षेत्रमा एक पक्की सडक, एक पक्की पुल, एक खानेपानी आयोजना, एक झोलुङ्गे पुल र एक सामुदायिक भवनको कार्यक्रम आयो । यो कार्यक्रमले प्रदेश संरचनाले विकास गाउँ-गाउँमा आउने अनुभूति दिलायो । मोरङको निर्वाचन क्षेत्र नं. ३(१) मा निवर्तमान सांसद सूर्यराज राई भन्छन् -शुरुका २ वर्ष अत्यन्तै उत्साहजनक ढङ्गले काम भए । राईले आफ्नो निर्वाचन क्षेत्रमा पक्की पुल बाहेक सबै आयोजना निर्धारित समयमा नै सम्पन्न भएको बताए ।

कोभिडको असर विकास आयोजनामा

शुरुमा महत्वाकांक्षी मेघा आयोजनाहरू निर्माण गरेर अघि बढेको प्रदेश सरकार ३ वर्ष पछि सुस्त भयो । विश्वभर कोभिडको प्रभाव पऱ्यो । जसले नेपालको अर्थतन्त्रमा समेत प्रभाव पाऱ्यो । पैसा नभएपछि पछिल्ला ४ वर्षयता प्रदेश सरकारले नयाँ आयोजनाको डिपीआर समेत बनाएको छैन् । पुराना महत्वपूर्ण आयोजना सक्नका लागि प्रदेश सरकारलाई २६ अर्ब रुपैयाँको दायित्व छ । जसमध्ये सडक र पुलका वहुवर्षीय आयोजनाको दायित्व मात्र ११ अर्ब २७ करोड रुपैयाँ छ । मोरङ ३(१) का सांसद मानबहादुर लिम्बूले भने - प्रदेश सरकारले नयाँ आयोजनामा बजेट विनियोजन गर्ने सम्भावना छैन । पुराना आयोजनाहरू समयमा सम्पन्न गरी हस्तान्तरण गर्न पाए पनि ठूलो उपलब्धि हासिल हुने थियो । उनले सांसद विकास कोषको कटौति, घट्दो विकास बजेट र पुराना आयोजनाहरू सम्पन्न हुन नसक्दा नागरिकमा निरासा छाएको बताए ।

२०७६मा शिलान्यास भएको सडक अझै सम्पन्न भएन । कोशी प्रदेश सरकारका तत्कालीन मुख्यमन्त्री शेरधन राईले २०७६ मंसीर २३ गते मोरङको पथरीबाट जाँते हुँदै ज्यामिरे जोड्ने सडकको शिलान्यास गरे । शिलान्यास भएको दिन मुख्यमन्त्री राईले ३ वर्षमा सडक निर्माण गर्ने योजना भए पनि २ वर्षमा नै योजना सम्पन्न गरी आफैंले उद्घाटन गर्ने बताएका थिए । तर, ४ वर्ष ६ महिना बितिसक्दा पनि १९ किलोमिटर लम्बाईको सडक निर्माण सम्पन्न भएको छैन् । लेटाङको ज्यामिरेबाट जाँते हुँदै पथरीमा पूर्व पश्चिम राजमार्गलाई क्रस गरेर डाइनियाँ हुँदै भारतसँग जोडिने यो सडक उत्तरी मोरङको व्यापार प्रवर्द्धनका लागि महत्वाकांक्षी योजना रहेको थियो ।

भौतिक पूर्वाधार बिकास मन्त्रालयका सूचना अधिकारी आयुष जोशीका अनुसार यो सडक २०७८ असोज ११ गते सम्पन्न गरी हस्तान्तरण गरिसक्नु पर्ने थियो । तर, सडकका रुख नहटाएको निर्माण क्षेत्रको दायाँवायाँ खाली नगरिदिएको कारण पूर्वनिर्धारित समयमा सडक बन्न सकेन ।

सडक कालोपत्रे गर्ने जिम्मा लिएको श्रेष्ठ कन्ट्रक्सन कालोसूचीमा परेपछि विनिता श्री निर्माण कम्पनीले पेटी ठेक्का लियो । विनिता श्रीले काम तीव्र रुपमा गरिरहेको थियो । तर,

(बाँकी अन्तिम पृष्ठमा)

सन्थाल विद्यार्थीलाई प्रोत्साहन गर्दै साना किसान

अमित खम्बू

जलथल,असार ७। विगत पाँच वर्षदेखि सञ्चालनमा रहेको 'सन्थाल विद्यार्थी विशेष प्रोत्साहन कार्यक्रम'लाई झापाको हल्दीबारी गाउँपालिका-४स्थित जलथल साना किसान कृषि सहकारी संस्था लिमिटेडले निरन्तरता दिएको छ ।

अल्पसंख्यक जातिको सूचीमा सूचिकृत सन्थाल जातिको उत्थानसँगै उनीहरुको स्वास्थ्य, शिक्षा तथा सांस्कृतिक अवस्थाको सुधार गर्ने उद्देश्यले

संस्थाले २०७६ सालदेखि उक्त कार्यक्रम शुरु गरेको सहायक प्रबन्धक युवराज भण्डारीले जानकारी दिए ।

सन्थाल समुदायको सघन बसोबास रहेको जलथल क्षेत्रमा बाल शिक्षा कार्यक्रमबाट शुरु भएको उक्त कार्यक्रम अन्तर्गत कोभिड महामारीको समयमा सरसफाईका सामाग्रीहरु वितरण, विद्यालय नजाने विद्यार्थीहरुलाई विद्यालयसम्म पुऱ्याउने वातावारणलगायतका कार्यहरु सम्पन्न गरेको सहायक प्रबन्धक भण्डारी बताउँछन् । त्यसैगरी सन्थाल विद्यार्थीका अभिभावकहरुमा वित्तीय व्यवस्थापनको जानकारी नहुँदा आइपर्ने अवस्थालाई समाधान गर्न पनि कार्यक्रमले मार्गदर्शन गरेको उनको दावी छ ।

यसैबीच संस्थाले शुक्रबार साविक जलथल गाँउ विकास समिति हाल हल्दीबारी -३, ४ र ५ नं. वडाका छ वटा सामुदायिक विद्यालयका सन्थाल विद्यार्थीहरुलाई निःशुल्क स्कूल ब्याग वितरण गरेको छ । संस्था अर्न्तगत रहेको शिक्षा समितिका सदस्य सीताराम खरेलका अनुसार दीपेन्द्र आधारभूत विद्यालय, धनुषा आधारभूत

(बाँकी अन्तिम पृष्ठमा)

अर्जुनको म्युजिक भिडियो सार्वजनिक

बिर्तामोड, असार ७। डाइनामिक ग्रुपको आयोजना र जिनियस मिडियाको सहकार्यमा बिर्तामोडमा गायक अर्जुन खरेलको नयाँ म्युजिक भिडियो 'दुई चुल्ठी केश'सार्वजनिक भएकोछ ।

ग्रुपकी अध्यक्ष खगेन्द्रा खुशीको सभापतित्वमा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि गीतकार शिवशंकर थापाले प्रोजेक्टर अन गरी भिडियोको शुभारम्भ गरेका थिए । कार्यक्रममा प्रमुख अतिथि, साहित्यकार पुण्यप्रसाद खरेल, भवानी क्षेत्री र गायक खरेलले भिडियोमाथि टिप्पणी गरेका थिए ।

गजलकार बिवस बलिभद्र कोइरालालको गजल वाचन रहेको कार्यक्रमको सञ्चालन सचिव चन्द्रमणि पौडेलले गरेका थिए भने उपाध्यक्ष गीता सुवेदी नेपालले

स्वागत गरेकी थिइन् । कार्यक्रमको दोश्रो सत्रमा भएको साधारणसभामा अर्जुन खरेलको अध्यक्षतामा ग्रुपको नयाँ कार्य समिति चयन गरिएको थियो ।

भवानी क्षेत्री, रश्मिशेखर सुवेदी र केशव भट्टराईको निर्वाचन समितिले सर्वसम्मत नाम घोषणा गरेको थियो । समितिको उपाध्यक्षमा गीता सुवेदी नेपाल, सचिव चन्द्रमणि पौडेल, कोषाध्यक्ष निरज पोखरेल, सहसचिव कल्पना भट्टराई र सदस्यहरुमा उमेश पाण्डे, सिम्रन आचार्य, पिताम्बर अधिकारी, अञ्जली भट्टराई र अनिता पौडेल रहेका छन्

बजेट ...

तथा बार्षिक कार्ययोजना र बजेटका लागि योजनाहरु छनौट भइरहेका बेला नेपाली कांग्रेस झापाले यस्तो निर्देशन दिएको हो ।

बैठकले विपद्मा परेका जनताको उद्धार, राहत एवम् पुनर्स्थापनामा खटिन सबै तहका नेता कार्यकर्ता एवम् भातृ संस्थाहरुलाई आह्वान गरेको छ । बर्षादका समयमा झापा भएर बग्ने नदी एवम् खोलाहरुबाट डुवान र कटानका कारण नागरिकहरुले भौतिक एवम् मानवीय क्षति तथा विस्थापनसम्मका घटना बेहोर्नु परेको प्रति सचेत रहँदै उद्धार, राहत र पुनर्स्थापनमा यथाशक्य सहयोग गर्न सबै तहका नेता-कार्यकर्तालाई आह्वान गरेको नेपाली कांग्रेस झापाका उपसभापति केशवराज पाण्डेले जानकारी दिए ।

बैठकले आगामी भदौ १५ गतेभित्र पार्टीको क्रियाशील सदस्यता नवीकरण सम्पन्न गरी जिल्लामा सिफारिस गरिसक्न सर्कुलर गर्ने निर्णय गरेको छ । जस अन्तरगत वडा तहमा आगामी साउन २० गतेसम्ममा क्रियाशील सदस्यता नवीकरण सम्पन्न गर्न, साउन मसान्तसम्ममा नगरबाट प्रदेशसभा क्षेत्रमा, भदौ सातासम्ममा प्रदेशसभा क्षेत्रबाट क्षेत्रीय समितिमा र भदौ १५ भित्र क्षेत्रीय समितिबाट जिल्ला समितिमा क्रियाशील सदस्यता नवीकरण गरी सिफारिस गरिसक्न निर्देशन दिएको जिल्ला सचिव कृष्ण हुमागाँईले जानकारी दिए ।

बैठकमा समसामयिक राजनीतिक विषयमा जिल्ला सदस्य राम कट्टेल, विष्णु सुब्बा, इन्द्र कार्की, दुर्गाप्रसाद सापकोटा, डम्बर बन, नारायणप्रसाद पौडेल, राजेन्द्र रिजाल, रमेश पोखरेल, मखना महतो, ओमकृष्ण विमली, देवीभक्त निरौला, पर्शुराम रिजाल, पुण्यप्रसाद सिग्देल, धनबहादुर राई, पर्शुराम ढुङ्गाना, लेखराज सुवेदी, लीला ढकाल, लीला मैनाली, धर्म लक्सम्बा, इन्द्र बुढाथोकी, खगेन्द्र मैनालीलगायतले बोलेको कार्यालय सचिव जयकुमार दाहालले जानकारी दिए ।

सन्थाल ...

विद्यालय, रामेश्वर आधारभूत विद्यालय, पञ्चायत माध्यमिक विद्यालय, महेन्द्र माध्यमिक विद्यालय र लक्ष्मी माध्यमिक विद्यालयका कक्षा ४ र कक्षा ५मा अध्यनरत् ५१ जना विद्यार्थीलाई उक्त स्कूल ब्याग वितरण गरिएको थियो ।

स्थानीय महेन्द्र माविको सभाहलमा संस्थाकी अध्यक्ष कृष्णमाया गिरीको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रमुख अतिथि वडाध्यक्ष सन्तकुमार थापा, झापा जिल्ला सन्थाल उत्थान संघका अध्यक्ष लखन हेमरम, संस्थाका पदाधिकारी तथा सदस्यहरु लगायतले विद्यार्थीलाई स्कूल ब्याग वितरण गरेका थिए ।

कार्यक्रममा सन्थाल भाषामा नै मन्तव्य राखेका अध्यक्ष हेमरमले संस्थाले सञ्चालन गरेको उक्त कार्यक्रम उदाहरणीय भएको प्रतिक्रिया दिँदै आयोजकलाई धन्यवाद दिएका थिए । प्रमुख अतिथि वडाध्यक्ष थापाले पूर्वाधारको विकासभन्दा पनि आफूले बौद्धिक विकासमा जोड दिएको हुँदा महिला, बालबालिकालगायत सबैको सशक्तिकरणका निमित्त कार्यक्रम ल्याउने प्रतिबद्धता व्यक्त गरे । रामेश्वर आधारभूत विद्यालयकी शिक्षक सुमन कन्दङ्वा लगायतले मन्तव्य राखेको कार्यक्रममा विद्यार्थीहरुले सन्थाल गीतमा नृत्य प्रस्तुत गरेका थिए ।

शिक्षा समितिकी संयोजक खेसकुमारी गिरीले स्वागत गरेको कार्यक्रमको सञ्चालन प्रबन्धक तारा भट्टराई र शिक्षा समितिका सदस्य खरेलले गरेका थिए ।

इलाममा ...

भएका मध्ये नयाँ बहुवर्षे सिँचाइ आयोजना चारवटा र मर्मतबाट सम्पन्न भएका सिँचाइ आयोजना १९ रहेका छन् । चारवटा आयोजना भने शुरु हुन नसकेको प्रमुख श्रेष्ठले जानकारी दिए । यस वर्ष इलाममा कोशी प्रदेश सरकारबाट ३५ सिँचाइ आयोजनाका लागि बजेट विनियोजन गरेको थियो, सबै आयोजना सम्पन्न भएमा जिल्लामा दुई हजार चार सय दुई हेक्टर क्षेत्रमा सिँचाइ सुविधा विस्तार हुनेछ- श्रेष्ठले भने । उनका अनुसार आयोजनाबाट जिल्लाका १३ हजार चार सय ६९ जना किसान प्रत्यक्ष लाभान्वित हुनेछन् ।

यहाँको रोङ गाउँपालिकामा पनि रु. २० लाखको लागतमा बिरीङ कटहरे सिँचाइ आयोजना सम्पन्न भएको छ भने रु. ३५ लाखको लागतमा निर्माण भइरहेको सुकेनिन्दा सिँचाइ आयोजना अन्तिम चरणमा छ । माईजोगमाई गाउँपालिकामा रु. २० लाख ७० हजारको लागतमा खड्के खोला सिँचाइ आयोजना र रु. १८ लाखको लागतमा ढाडे खोला सिँचाइ आयोजना निर्माणकार्य अन्तिम चरणमा रहेको कार्यालयले जनाएको छ ।

सन्दकपुर गाउँपालिकामा रु. १५ लाखको लागतमा गीताङ सिँचाइ आयोजना र पाँच लाख लागतमा दाहाल खोला टारीबेंसी सिँचाइ आयोजना सम्पन्न भएका छन् । सूर्योदय नगरपालिकामा पनि रु. २० लाखको लागतमा आन्द्रे खोला सिँचाइ आयोजना र आठ लाखको लागतमा रम्फोक खोला ढाडे सिँचाइ आयोजना सम्पन्न भएका छन् ।

यस्तै, माई नगरपालिकामा रु. १५/१५ लाखको लागतमा पलाँसे र लेवाखोला, रु. १० लाखको लागतमा लोधिया र रु पाँच लाखको लागतमा लोदिया माई सिँचाइ आयोजना सम्पन्न भएका छन् भने रु. २० लाखको लागतमा ठ्याउरे खोला फ्याउरे सिँचाइ आयोजना निर्माणाधीन छ ।

यसैगरी देउमाई नगरपालिकामा रु. १५ लाखको लागतमा ढोकेखोला तथा १०/१० लाखको लागतमा सेवा खोला, सियाखोला मुहानचुली कुलो, सियाखोला मुहानचुली कुलो (१), सियाखोला मुहान जुवारे कुलो र सियाखोला मुहान जुवारे कुलो सिँचाइ आयोजना (१) र रु. आठ लाखको लगानीमा फाप्लुङम्बा सिँचाइ आयोजना सम्पन्न भएको डिभिजन कार्यालयले जनाएको छ ।

माइसेबुङ गाउँपालिकामा रु. १० लाखको लागतमा कुसुण्डे बोहोरागाउँ सिँचाइ आयोजना सम्पन्न भएको छ । फाकफोकथुम गाउँपालिकामा रु. २० लाखको लागतमा होयाङ खोला सिँचाइ आयोजना अन्तिमचरणमा रहेको छ । इलाम नगरपालिकामा रु. १०/१० लाखको लागतमा हुलाके कुलो, जानिटार, छाँगे जर्मने सिँचाइ आयोजना र चिसेनी नयाँ प्रविधिमा आधारित सिँचाइ आयोजना सम्पन्न भएका छन् भने रु. ३५ लाखको लागतमा करफोक खोला सिँचाइ आयोजना निमाणाधीन छ । यस्तै, चुलाचुली गाउँपालिकामा रु. १० लाखको लागतमा रतुवा खोला सिँचाइ आयोजना र रु. छ लाखको लागतमा सानो चाँजु सिँचाइ आयोजना निर्माणकार्य अन्तिमचरणमा रहेको डिभिजन प्रमुख श्रेष्ठले जानकारी दिए ।

सिँचाइ सुविधा विस्तारसँगै इलाममा अन्नबाली, नगदेबाली तथा तरकारीबाली उत्पादनमा वृद्धि हुने स्थानीयको अपेक्षा छ । कृषि ज्ञान केन्द्रका अनुसार इलाममा ३२ हजार नौ सय ९५ हेक्टर क्षेत्रमा मकै, १३ हजार चार सय ८१ हेक्टर क्षेत्रमा धान, चार हजार पाँच सय ८४ हेक्टर क्षेत्रमा गहुँ, एक हजार पाँच सय ९७ हेक्टर क्षेत्रमा कोदोको व्यावसायिक खेती हुँदै आएको छ ।

यस्तै एक हजार सात सय ५५ हेक्टर क्षेत्रमा अलैंची, आठ सय ९० हेक्टर क्षेत्रमा किबी, दुई सय ९० हेक्टर क्षेत्रमा सुन्तला, एक सय २५ हेक्टर कफीको व्यवसायिक खेती हुँदै आएको छ ।

विपद् ...

धारणा राखेका थिए ।

जिल्लाका तीन दर्जन बढी संघ संस्थाका प्रमुख तथा प्रतिनिधिको उपस्थितिमा कार्यक्रम आयोजना गरिएको थियो । बिर्तामोड उद्योग वाणिज्य संघका उपाध्यक्ष विशाल थापाले स्वागत गरेको कार्यक्रमको सञ्चालन संघका महासचिव कुशल खतिवडाले गरेका थिए ।

हत्या ...

मृत्यु भएको थियो । घटनामा संलग्न रमेशलाई प्रहरीले भाग्दै गरेको अवस्थामा सुनसरीको लौकहीबाट पक्राउ गरेको हो । पक्राउ परेका यादबको जिल्ला प्रहरी कार्यालय मोरङबाट थप अनुसन्धान भइरहेको छ ।

५०१ ...

जङ्गलको दायाँवायाँका रुख र सडकभित्र परेका रुख हटाउन लामो समय कुर्नु परेपछि हालसम्म ११ किलोमिटर काम मात्र सम्पन्न भएको छ ।

लेटाङ ८ का वडाध्यक्ष भीमप्रसाद पोखेलले भने - पथरी जाँते सडकका २११ मध्ये बीच सडकमा रहेका ३ वटा रुख काट्ने बाहेक अरु काम भएको छैन । २०८ वटा रुख काटेर सडक विस्तार गर्नुपर्ने हो । तर, सडकको साइड क्लियर नभएकोले सडक सम्पन्न हुन सकेको छैन । उता, सञ्चालक भीमबहादुर पौडेलले भने- ५४ करोड ४८ लाख ४५ हजार १ सय २५ रुपैयाँ ९६ पैसाको ठेक्का लिएको हो । प्रदेश सरकारले समयमा भुक्तान दिँदैन । साइड खाली गरिदिने काममा उस्तै अलमल छ । कोशी प्रदेश सरकारको भौतिक पूर्वाधार विकास कार्यालयले हालसम्म २५ करोड २१ लाख ७१ हजार रुपैयाँ निर्माण कम्पनीलाई दिइसकेको छ । पुनः म्याद थप गरी २०८० असार २८ गते सडक कालापत्रे गरीसक्नु पर्ने सम्झौता थियो । तर, निर्माण कम्पनीले ८ किमी सडक निर्माण प्रक्रिया अझै थालेको छैन् ।

भौतिक पूर्वाधार विकास मन्त्रालयका सूचना अधिकारी जोशीले भने - योजना सम्पन्न भएपछि २९ करोड २६ लाख ७३ हजार रुपैयाँ भुक्तान दिनुपर्छ । हालसम्म ४२ दशमलव २८ प्रतिशत काम सम्पन्न भएको छ ।

प्रदेश सरकारले २०७६ सालमा कोशी प्रदेश भरी ७२ वटा सडकलाई बहुवर्षीय योजना अन्तर्गत गौरवको आयोजनाका रुपमा समावेस गरेको थियो । सोही आयोजना अन्तरगत पथरी-जाँते-ज्यामिरे सडक खण्ड पनि समावेश भएको हो । जस अन्तर्गत मोरङमा मात्र १० वटा सडक रहेका छन् । मन्त्रालयको तथ्याङ्क अनुसार सुनसरीमा १०, झापामा १२, इलाम, भोजपुरमा ६/६, पाँचथरमा ४, तेह्रथुम, संखुवासभामा २/२, धनकुटा, सोलुखुम्बू, ओखलढुङ्गा, ताप्लेजुङमा र उदयपुरमा ३/३ वटा र खोटाङमा एउटा सडकलाई बहुवर्षीय सडक आयोजनामा राखेको थियो । ७२ वटा आयोजना मध्ये हालसम्म पाँचथरका फिदिम फालोट सडक र फिदिम शिवालय नाङ्लफा-फजाङ छिन्तापू सडक मात्र निर्माण सम्पन्न भएका छन् । त्यस्तै ताप्लेजुङको फुङ्लिङ-नाङखोल्याङ-थेचम्बू -चाक्सिवोटे-थुम्वेदिन-हेलुम्वा-खाम्देम्बे -तेल्लोक-मामांखे हुँदै कन्चनजंघा बेस क्याम्प सडक र गुफापोखरी-भुजे देउराली -चाँगे -दोभान सडक निर्माण सम्पन्न भएका छन् । पुलतर्फ पनि पाँचथरको साँवा खोला र फावा खोलाको पुल निर्माण सम्पन्न भएका छन् ।

झापाको दमक -२ मा पहाडतर्फ जाने आउने सार्वजनिक सवारी साधन रोक्नका लागि एकीकृत पूर्वाधार विकास फाल्गुनन्द बसपार्क निर्माण प्रक्रिया सुरु भएको छ । आर्थिक वर्ष २०८०/०८१ मा १५ करोड १९ लाख ११ हजार रुपैयाँमा ठेक्का लागेको यो आयोजनाको लागत मूल्य १८ करोड २८ लाख २३ हजार रुपैयाँ थियो । टेण्डर प्रक्रियामा ३ करोड कमीमा ठेक्का लागेको यो बसपार्क २ बिगाह जग्गामा रतुवाखोला किनारमा निर्माण भइरहेको छ । दमक नगरपालिकाका नगर प्रमुख रामकुमार थापाका अनुसार - दमकबाट इलाम, पाँचथर हुँदै ताप्लेजुङ जाने छोटो दमक -रवि-ताप्लेजुङ सडकमा सञ्चालन हुने सवारी साधनलाई मध्यनजर राख्दै यो बसपार्क निर्माण गर्न लागिएको हो । प्रदेश सरकारले नै ठेक्का लगाएको हुनाले नगरको दायित्व खासै नरहेको थापाले बताए ।

दमक -२ का वडाध्यक्ष प्रजापति सापकोटाका अनुसार बसपार्कसम्म पुग्ने सडक निर्माण भइसकेको छ भने रतुवा खोलाको तटबन्ध अन्तिम चरणमा पुगेको छ । उनले २ सय वटा सवारीसाधन एकैपटक पार्किङ गर्न सकिने बसपार्क निर्माण भइरहेको बताए । बसपार्कमा शौचालयदेखि साना व्यापारीलाई विश्राम स्थलसम्म निर्माण हुनेछन् ।

भौतिक पूर्वाधार विकास कार्यालयले बसपार्क निर्माणका लागि समेत ७ करोड ३६ लाख ८७ हजार रुपैयाँ भुक्तानी दिन बाँकी छ । तर, पूर्वाधारले चालु आवमा २ करोड ५० लाख रुपैयाँ मात्र विनियोजन गरेको छ । झापा कमल गाउँपालिका वडा नं. १ को सोलमारी चौकबाट सरङपाडा बजारसम्मको कालोपत्रे सडक ३ करोड ८३ लाख १६ हजार रुपैयाँमा ठेक्का लागेको छ । पूर्वाधार विकास कार्यालयले हालसम्म २ करोड २७ लाख ३ हजार रुपैयाँ भुक्तान गरिसकेको छ भने रकम समायोजन पछि २ करोड ३८ लाख ६ हजार रुपैयाँ दायित्वमा देखिएको छ । तर, चालु आवमा पूर्वाधार कार्यालयले ५० लाख रुपैयाँ मात्र विनियोजन गरेको छ ।

छैनन् नयाँ आयोजना

कोशी प्रदेश सरकारले निर्माणर्ण कम्पनीलाई भुक्तानी दिनु पर्ने रकमको दायित्व बढ्दै जाँदा सरकारले नयाँ विकास निर्माणका कार्यक्रम भने ल्याएको छैन् । साना आयोजनाहरू समेत सम्पन्न हुन नसक्ने अवस्था रहेको कोशी प्रदेश सदस्य मानबहादुर लिम्बू बताउँछन् । शुरुमा सरकारका मन्त्रीले विकास बाड्दै हिँडे । ढिकुटीमा पैसै नभई आयोजना बाँड्दै हिँड्दा यो अवस्था आएको सांसद लिम्बूले भने ।

पूर्वाधार क्षेत्रमा भएको प्रगति

भौतिक पूर्वाधार विकास मन्त्रालयले दिएको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७५/०७६ देखि आर्थिक वर्ष २०८०/०८१ सम्म १ हजार ४१ दशमलव ४ किलोमिटर सडक मर्मत भएको छ । यही अवधिमा १ हजार २७८ दशमलव ३ किलोमिटर सडक ग्रावेल भएको छ । यस्तै १ हजार १५२ दशमलव ३८ किलोमिटर कच्ची सडक थप गरिएको छ । सडकको दायाँवायाँ १७ दशमलव ४३२ किलोमिटर आरसीसी पीसीसी गरिएको छ । ४५ दशमलव ८३९ किलोमिटर सडक सोलिङ गरेको प्रदेश सरकारले ६ वर्षको अवधिमा ५०१ दशमलव १ किलोमिटर सडक कालोपत्रे गरेको छ । हालसम्म बहुवर्षीय आयोजना अन्तर्गतका २३ वटा सडक निर्माण सम्पन्न भएका छन् । यस्तै ८१ वटा मोटरेबल पुल, एक सय ९८ वटा झेलुङ्गे पुल २७८ दशमलव १३ किलोमिटर सडकको ट्याक खोलिएको छ ।

शहरी विकास तथा भवन कार्यालयका योजनामा पनि छैन् बजेट

शहरी विकास आयोजनातर्फ ६४ वटा आयोजना चालू अवस्थामा छन् । ती मध्ये कुनै पनि आयोजना सम्पन्न हुने चरणमा छैनन् । शहरी विकास तथा भवन महाशाखा विराटनगरका प्रमुख इञ्जिनियर रजनीश झाका अनुसार कोशी प्रदेशमा ६४ वटा आयोजना २ अर्ब ४१ करोड १ लाख ८१ हजार रुपैयाँमा ठेक्का सम्झौता भएका छन् । चालू आवमा ती आयोजना लाई १ अर्ब २९ करोड ७१ लाख १ हजार रुपैयाँ दिइएको छ । अझै १ अर्ब ३३ करोड २६ लाख ३६ हजार दायित्व रहँदा ६२ करोड २५ लाख रुपैयाँ मात्र विनियोजन भएको छ । बजेटको स्रोत सुनिश्चित नभई आयोजना निर्माण हुने गर्छन् । जसले गर्दा समयमा निर्माण कार्य सम्पन्न हुन सक्दैन ।

सरकार हेरफेरको असर :

पटक-पटक सरकार हेरफेर भइरहँदा कार्यालय सञ्चालन र मसलन्द खर्च बढेर गएको छ । कति समयसम्म बस्न पाइन्छ भन्ने डरले खर्च गर्ने प्रवृति रहेको जानकारहरू बताउँछन् ।

कार्यालय संचालन र मसलन्द शीर्षकमा

२०७७/७८ मा ४६ करोड ७६ लाख ३१ हजार खर्च

२०७८/७९ मा ५६ करोड ८० लाख १६ हजार खर्च (२१.४७ प्रतिशत बढ्यो)

२०७९/८० मा ६७ करोड ६७ लाख १६ हजार खर्च (१९ प्रतिशत बढ्यो)

सेवा परामर्श तथा करार सेवा शुल्क

२०७७/७८ मा ३८ करोड ७० लाख ५९ हजार खर्च

२०७८/७९ मा ४८ करोड ७४ लाख (२५.९२ प्रतिशत बढ्यो)

२०७९/८० मा ६४ करोड ३८ लाख ६८ हजार (३२ प्रतिशत बढ्यो)

२०८०/८१ मा ८४ करोड ८२ लाख ३० हजार खर्च गर्ने लक्ष्य

तालिम तथा गोष्ठीमा

२०७७/७८ मा १५ करोड २० लाख ४४ हजार खर्च

२०७८/७९ मा २४ करोड ९८ लाख १४ हजार (६४.३० प्रतिशत बढ्यो)

२०७९/८० मा २३ करोड २१ लाख ४३ हजार (७ प्रतिशतले कम)

कार्यक्रम खर्च

०७७/७८ मा १ अर्ब ३ करोड ५६ लाख ३० हजार

२०७८/७९ मा १ अर्ब ९१ करोड ६० लाख २८ हजार (८५.०१ प्रतिशत बढ्यो)

२०७९/८० मा १ अर्ब ९६ करोड ३५ लाख ५७ हजार

२०८०/८१ मा ३ अर्ब १५ करोड २ लाख ८९ हजार खर्च गर्ने लक्ष्य

अनुगमन तथा मूल्याङ्कन खर्च

२०७७/७८ मा ६ करोड ५१ लाख ३० हजार

२०७८/७९ मा ९ करोड ९९ लाख २६ हजार

२०७९/८० मा पुग्दा बढेर १० करोड ५४ लाख ४ हजार

२०८०/८१ मा १६ करोड ५ लाख १७ हजार खर्च गर्ने लक्ष्य

भ्रमण खर्च

२०७७/७८ मा २ करोड १९ लाख १६ हजार

२०७८/७९ मा ३ करोड ९६ लाख १८ हजार (८०.७७ प्रतिशत बढ्यो)

२०७९/८० मा ३ करोड ४२ लाख ४ हजार (१४ प्रतिशतले कम)

विविध खर्च

२०७७/७८ मा ४ करोड १२ लाख ४७ हजार

२०७८/७९ मा ८ करोड ८८ लाख ४५ हजार (११५.४० प्रतिशत बढ्यो)

२०७९/८० मा ९ करोड ८० लाख ५० हजार (१० प्रतिशत बढ्यो)

२०८०/८१ मा २२ करोड ७ लाख ४९ हजार खर्च गर्ने लक्ष्य

इन्धन खर्च

२०८०/८१ मा २ करोड १३ लाख ५० हजार (पदाधिकारीका लागि)

१५ करोड ४६ लाख १८ हजार (कार्यालय प्रयोजनका लागि)

सवारी साधन मर्मत

२०८०/८१ मा १३ करोड ७० लाख ४६ हजार विनियोजन

२०७८/७९ मा १ करोड ३७ लाख ८५ हजार

चालू आब मै इन्धन अन्य प्रयोजन शीर्षकमा २ करोड १६ लाख २८ हजार खर्च भयो ।

पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च

२०७८/७९ मा ६ करोड ३८ लाख ९ हजार खर्च

२०७९/८० मा ६ करोड ७५ लाख ९५ हजार २०८०/८१ मा ८ करोड ७५ लाख बजेट खर्च हुने अनुमान

सवारी साधन खरिद

२०७८/७९ मा २ करोड ९१ लाख १० हजार

२०८०/८१ मा ३ करोड १६ लाख ९० हजार विनियोजन

फर्निचर तथा फिक्चर्स

२०७८/७९ मा ५ करोड ६० लाख ९० हजार खर्च

२०८०/८१ मा ६ करोड ४२ लाख ४० हजार रुपैयाँ विनियोजन

निष्कर्ष :

संघीय संरचनाले मुलुकको आर्थिक विकास नहुने होइन । प्रादेशिक कानून निर्माण र स्थिर सरकार बिना विकास सम्भव छैन् । भएका कामको प्रचारभन्दा प्रदेश सरकारप्रति नकारात्मक धारणा राख्नेको समूह सामाजिक सञ्जालमा बलियो बन्दै जाँदा समग्रमा यही अवस्था छ भन्न सकिन्न । जनआन्दोलनले दिएको यो उपलब्धिलाई संस्थागत गर्दै जानुको विकल्प छैन् । त्यसैले नागरिक तहमा पनि प्रदेश सरकारप्रति धमिलिएको छवि उज्यालो बनाउन मिडिया क्षेत्र लाग्नुपर्ने देखिन्छ ।

ट्रेकिङ लाइसेन्स हराएको सूचना

मिति २०८१ साल असार ६ गते ताप्लेजुङको मिक्वाखोला गाउँपालिकाबाट सदरमुकाम फुङलिङ जाने क्रममा पर्सलहित (मे २४ तारिख २०१४) मा जारी ९३०१ नम्बरको मेरो ट्रेकिङ गाइड लाइसेन्स हराएको हुँदा भेट्नु हुने महानुभावले निम्न ठेगानामा बुझाई सहयोग गरिदिनहुन अनुरोध गर्दछु ।

नाम थर : मिङ्मा छिरिङ शेर्पा
ठेगाना : मिक्वाखोला गाउँपालिका ४ ताप्लेजुङ
सम्पर्क मो.न. : ९८१७२६२२७५

बिमालेख हरायो

झापाको भद्रपुरबाट बिर्तामोड जाने क्रममा यही मिति २०८१/०२/१५ गतेका दिन मेरो एसियन लाइफ इन्स्योरेन्स कम्पनीको निम्न व्यहोरा भएको बिमालेख (पोलेसी) हराएको हुँदा फेला पार्नुहुने महानुभावले तलको ठेगाना वा नजिकको प्रहरी कार्यालयमा बुझाइदिनु हुन अनुरोध गर्दछु ।

नाम : कमला उप्रेती
ठेगाना : भद्रपुर नगरपालिका- ५ (झापा)
बिमा लेख नम्बर : ५९२०००२४९३५

नेपाल सरकार
उद्योग मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा २०७९।१०।२६ मा दर्ता भएको प्रा.लि.नं. ३०६९१३ को सप्तकोशी लजिष्टिक कार्गो सेवा प्रा.लि. नामक कम्पनी यस कार्यालयको मिति २०८१।०३।०७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

(भिम बहादुर बस्नेत)
सहायक रजिष्ट्रार

भद्रपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भद्रपुर, झापा (कोशी प्रदेश, नेपाल)

दरभाउ (टेण्डर) आह्वान सम्बन्धि सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८१।०३।०८

यस नगरपालिकाले उठाउन पाउने देहाय बमोजिमको आन्तरिक आय संकलन कर, दस्तुर र सेवा शुल्क ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा संस्थाले प्रथम पटक प्रकाशित मिति २०८१।०२।१० गतेको सूचनाको शर्तहरुको अधिनमा रही तपसिलमा उल्लेखित समय र मितिभित्र गोप्य सिलबन्दी दरभाउपत्र (टेण्डर)दाखिला गर्न सूचना प्रकाशित गरिएको छ । अन्य विस्तृत जानकारीका लागि कार्यालयको वेवसाइड www. bhadrapurmun. gov.np वा कार्यालयको सूचना पाटीमा हेर्न हुन वा कार्यालयमा सम्पर्क राख्नु होला ।

तपशिल

ठे. नं.	विवरण	ठेक्का अवधि	न्यूनतम ठेक्का अंक रु. (वार्षिक) मूल्य अभिबृद्धि कर वाहेक	दरभाउ पत्र फाराम दस्तुर	दरभाउ पत्र फाराम खरिद गर्ने अन्तिम मिति	दरभाउपत्र फाराम दाखिला गर्ने अन्तिम मिति, समय	दरभाउपत्र फाराम खोलिने मिति र समय
६	भद्रपुर ३ मा रहेको ज्ञानेचोक सिरिजङ्गा हाट बजारमा लाग्ने दैनिक अस्थाई हाट बजार सेवा शुल्क (साविक पृथ्विनगर गा.वि.स.)	आ.व. २०८१।८२ १ (एक) बर्षका लागि	१,५०,०००।००	१,०००।	७ औं दिन सम्म २०८१।०३।१४ गते कार्यालय समयसम्म	२०८१।०३।१६गते १.०० बजेसम्म	२०८१।०३।१६गते २.०० बजे पछि
७	भद्रपुर १ र २ मा रहेको हिमाली र सोमवारेमा लाग्ने दैनिक अस्थाई हाट बजार सेवा शुल्क (साविक पृथ्विनगर गा.वि.स.)	आ.व. २०८१।८२ १ (एक)बर्षका लागि	१,००,०००।००	१,०००।			
८	भद्रपुर ५ स्थित न.पापोखरी	आ.व. २०८१।८२ देखि २०८५।८६ ५ (पाँच) बर्षका लगि	४०७,०००।००	१,०००।–			

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड–१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी–९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

कथा

पहिचान अलखे रूपान्तरण अलखनन्दनमा

मोहनप्रसाद ओली

'समाज परिवर्तनका लागि अभियान' नामक संस्था दर्ता भएपछि सम्भावनाले पहिलो बैठकको आयोजना गरिन् । आयोजित बैठकले समुदायलाई प्रभाव पार्ने विषयवस्तुको छनौट गर्न व्यापक रुपमा छलफल गऱ्यो । विषयवस्तु थियो समाज शिक्षित मात्र बनाउने वा दीक्षित पनि । शिक्षित र दीक्षित शब्दको चिरफारसहित विश्लेषण गरियो । शिक्षित शब्दले केबल पढे-लेखेको, जान्ने-सुन्ने, तालिम लिएको विद्वानमा मात्र सिमित हुने हो । तर, दीक्षित शब्दले भने कुनै पनि कार्यलाई महायज्ञका रुपमा लिइ संकल्पपूर्वक पूर्णता दिने भन्ने निष्कर्ष आयो । यसअर्थमा पहिलो शर्तका रुपमा आजको समाजलाई शिक्षित मात्र होइन दीक्षित नै बनाउनु पर्दछ, भन्ने निष्कर्ष निकालियो । यसका लागि समाजको मूल्य-मान्यता, कर्तव्य र व्यवहारका ढाँचाहरुलाई बुझ्नु र बुझाउनु पर्दछ । संकल्पका साथ कार्य गर्नु पर्दछ । ताकी थालिएका कार्यलाई पूर्णता दिन सकियोस् । यी कार्यहरु हाम्रा लागि महायज्ञ नै किन नहुन् ।

समाजमा रहेका मानिसहरुलाई अभ्यासमूलक बनाएरै छाड्नु पर्दछ । जसले गर्दा उनीहरुमा आउने व्यवहारिक परिवर्तनले समाज परिवर्तनमा ठोस आकार लिन सकोस । साथै व्यक्तिहरुलाई समाजको स्थितिसँग सम्बन्धित पनि गराउन सकियोस् । यी कुरालाई संस्थाले मार्गदर्शकका रुपमा आत्मसात गर्नु पर्दछ । जब व्यक्तिले सामाजिक भूमिकालाई आत्मसात गर्दछ । त्यसपछि मात्र उसले सामाजिक संरचनाको निर्माणमा समेत भूमिका खेल्न सक्दछ भन्ने विश्वास उनीहरुमा थियो । उनीहरुले समाजलाई शान्तिपूर्ण मानव सम्बन्धका रुपमा कसरी विकास गर्न सकिन्छ भन्ने विषयमा पनि बहस चलाए ।

यसमा वक्ताका रुपमा आफूलाई पनि अवसर दिन अलखेले अनुरोध गऱ्यो । अलखे एउटा मागी खाने फकिरको भूमिकामा रहे पनि उसले गरेको आँट देखेर समाज परिवर्तनका लागि अभियानमा लागेका स्वयम् अभियानकर्ता पनि चकित भए । तर, पनि उसलाई बोल्न दिनु पर्दछ भन्ने निष्कर्ष आयो । सोही अनुरुप अलखेलाई आफ्ना विचार राख्ने अवसर प्रदान गरियो । उ समाजको जनजिब्रोमा अलखेको नामबाट परिचित थियो । उनले आफ्नो अवधारणा यसरी प्रस्तुत गरे :

उपस्थित अभियानका सभाध्यक्षज्यू, प्रमुख अतिथि, विशिष्ट अतिथि अन्य समाज रुपान्तरणका लागि अहोरात्र लागि पर्ने सम्पूर्ण मान्यजन पदाधिकारी तथा सदस्यहरु ।

अवसर दिनुभयो । साधुवाद तथा धन्यवाद । मैले लामो समयदेखि तपाईहरुले चलाइरुहेको अभियानलाई नजिकबाट हेरिरहेको छु । मलाई विश्वास छ, यही रुपमा अघि बढन सकेको अवस्थामा तपाईहरुले शुरुवात गरेको अभियानले सामाजिक रुपान्तरणमा सार्थक रुप लिनेछ । यसमा दुईमत नरहला । यसका बावजुद अझै पनि समाजलाई प्रभाव पार्ने ठोस कदम चाल्नु पर्ने कुरा मैले देखेको छु, अन्यथा नलिइदिनु होला । हामीले सर्वप्रथम समाज भनेको मानिसहरुले समूह-समूह वा संगठित रुपमा रहेर बसोबास गरेको क्षेत्र हो भन्ने कुरालाई आत्मसात गर्नुपर्दछ । समूहगत रुपमा बसोबास गरेको सन्दर्भमा उनीहरुले अनेकौ प्रकृतिका नियमहरु समाजमा स्थापित गरेका हुन सक्छन् । जो लिखित र अलिखित दुबै प्रकृतिका हुन सक्छन् ।

यिनै नियमहरुको आधारमा मानिसहरुले सँगै बस्ने, सँगै खाने र सँगै रहन लागि उपयुक्त वातावरण सिर्जना गरेका हुन्छन् । जसलाई हामी समाज भन्दछौं । यसरी सिर्जना गरिएको वातावरणको सामाजिक अवस्थालाई हामीले भुल्नु हुँदैन । एक वा सोभन्दा बढी मानिसहरु रहेको समुदायले एकै प्रकारका रहनसहन, धर्म र संस्कृति नमानेका पनि हुन सक्छन् । तर, पनि समाज भनेको यस्तो स्थल हो जहाँ व्यक्ति व्यक्तिको बीचमा सम्बन्ध कायम गरी संगठित रुपमा रहेर सबैले सबैको धर्म र संस्कतिलाई एकअर्कामा स्वीकार गरेका हुन्छन् ।

समाजभित्र रहने मानिसहरुको बीचमा पारस्परिक मित्रता, सहयोग, सद्भावका साथै भावात्मक सम्बन्ध गाँसेका हुन्छन् । यति हुँदाहुदै पनि कतिपय अवस्थामा एकअर्कामा आपसी सम्बन्ध रहेता पनि केही मानिसहरुमा भने घृणा, लोभ र इर्ष्याका कारणले सकरात्मक सोचभन्दा पनि नकरात्मक सोच लिएका हुन्छन् । यस अवस्थामा समाजमा भएका अधिकांश अलिखित नियमहरुका कारणले गर्दा उनीहरुले हाम्रो अभियानको लक्ष्यलाई उल्लंघन पनि गर्न सक्छन् । अपमान पनि गर्न सक्छन् । सर्वप्रथम यसतर्फ हामी सचेत रहनु पर्दछ । समाज आफैमा पनि एक प्रकारको संघ वा संगठन हो । जहाँ सहयोगी मनका धनी व्यक्तिहरु पनि हुन्छन् । उनीहरुका बीचमा भएका व्यवहारहरुको योगले हामीलाई हाम्रो अभियानमा ठूलो मद्दत पुग्दछ । यसकारण हाम्रो लक्ष्य ती मानिसहरुको समुदायमा पुग्ने हुनु पर्दछ । जहाँ सकरात्मक सोचका साथ हाम्रो अभियानलाई साथ दिने वर्ग होस । उक्त सोचका मानिसहरुको पहिचान गर्नका लागि समाजभित्रका रहेका केही तत्वहरुलाई अध्ययन गर्न सक्नु पर्दछ ।

उदाहरणका लागि समाजका चालचलन र परम्पराहरु, व्यक्तिले उपभोग गरिरहेका अधिकार र स्वतन्त्रताहरु, उनीहरु बीचमा भएको आपसी सहयोगको अवस्था र काम गर्ने तौरतरिकाहरु आदि जस्ता कुराको अध्ययन गर्नु पर्दछ । ताकी हाम्रो अभियानलाई अघि बढाउन साथ र सहयोग मिलोस अनि सहज पनि होस । एउटा मगन्ते भिख मगाहाको रुपमा परिचित अलखेको प्रस्तुतिले समतामूलक समाजको निर्माणका लागि सामाजिक विभेद र लैङ्गिक भेदभावका साथै छुवाछुतको अन्त्यका लागि गर्नुपर्ने कार्यहरुका सम्बन्धमा जुन तर्क र व्यवहारिक अभिव्यक्तिहरु प्रस्तुत गऱ्यो । त्यसबाट सबै प्रभावित भए । उपस्थित अभियन्ता र स्वयम् आयोजक पक्ष समेत प्रभावित बन्न पुग्यो । यसप्रकारको कार्यक्रमबाट अझ विशेषगरी अलखेले उठाएका मुद्दाहरु र ती मुद्दाको किनारा लगाउन दिएका विकल्पहरु सबैका लागि प्रेरणाका स्रोत बन्न पुगे ।

कार्यक्रमको शुरुमा अलखे उठेर बोल्दै गर्दा समाजका अगुवा वर्गहरु खिल्ली उडाएर हाँसेका थिए । अलखेको सहनशिलता, धैर्यता र वाकपटुता र शक्तिले सबैको मन छोयो र जित्यो । कार्यक्रमको प्रकृति चरमबिन्दुमा प्रवेश गरेपछि सभा यति गम्भीर मोडमा पुग्यो । स्वयम् आयोजक पक्ष केही क्षण अल्मलिन पुग्यो । यसपछि विद्यालय परिसरमा उनीहरुले आफ्नो अभियानको कार्यक्रम प्रवेश गराए । विद्यालयमा बसाइ व्यवस्थापन, पठनपाठनको क्रममा गरिने सम्बोधन तथा व्यवहार र पाठ्यपुस्तकमा राखिएका विषयवस्तुले सामाजिक क्षेत्रमा पारेको प्रभाव आदि विषयमा छलफल गरियो । दलित, उत्पीडित र पिछडिएको वर्गमा गरिने लैङ्गिक तथा अन्य भेदभावको अन्त्य गर्न उनीहरुले विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक तथा विद्यार्थी समक्ष समतामूलक व्यवहार र सम्बोधन साथै यसको उपयोग सम्बन्धी अन्तरक्रियाको कार्यक्रमको आयोजना गरे ।

यो कार्यक्रममा अलखे जस्ता साधुसन्तदेखि सम्पूर्ण वर्गका अभिभावक समेतको उपस्थिति गराइयो । पढनु, पढाउनु, व्यक्तिगत सरसफाई र खानपान आदि जस्ता तत्वहरु सामाजिक प्रतिष्ठा र सभ्यताका परिचायक बस्तु हुन । यस्ता वस्तुमा समाजमा रहेका सम्पूर्ण बर्गले उचित ध्यान दिनु पर्दछ । अस्वस्थताका चिन्ह स्वरुप समाजमा भएका रोग, चिन्ता, पिर, रुग्णता र स्वास्थ्यका असर जस्ता पक्षबाट नै सामाजिक विभेद र विकृतिहरु जन्मन पुगेका हुन । जसले समाजका ठालु वर्गलाई अहम्वादी बनाएको छ । अतः यो अवस्थाबाट समाजलाई अलग्याउन शिक्षा र स्वास्थ्यमा परिवर्तन ल्याउनु अनिवार्य सर्त रहेको छ । यी विषयवस्तुमा प्रवेश गर्नु भनेको समाजमा हामीबीच रहेको कुसंस्कारमा परिवर्तन आउनु पर्दछ भन्ने हो । यो परिवर्तनमा कुनै स्वार्थ गाँसिएको हुनुहुँदैन भन्ने कुरामा सबैको एक मत रह्यो । त्यसैगरी दलित, उत्पीडित र पिछडिएको वर्गलाई समेटेर एउटा नेटवर्क तयार गरी जनजागरणका अभियान सञ्चालन गर्नु पर्दछ भन्ने सुझाव अलखेबाट आयो ।

गाउँका ठालु वर्गले दलित वर्गलाई पहिला आफूभित्र रहेको विभेदलाई अन्त्य गर्न चुनौति दिइरहेको अवस्थामा यो नेटवर्कको महत्त्व रहने भएकाले यसलाई प्रयोगमा ल्याउनु पर्दछ भन्ने भनाइमा पनि सबै सहमत भए । सामाजिक विभेदको अन्त्यका लागि आन्दोलन गर्ने आन्दोलनका प्रणेता र र सामाजिक रुपमा परिवर्तन नचाहनेका बीचमा कसरी समन्वय गर्ने भन्ने कार्यक्रमको आवश्यकता भइरहेको सन्दर्भमा सामाजिक सञ्जालसँग सम्बन्धित नेटवर्कले अझ बढी सहयोगिको भूमिका निभाउने कुरामा शंका रहेन । तर, यसका लागि त्याग चाहियो । समाजिक एकता चाहियो । सद्भाव चाहियो । गरेर देखाउनु पऱ्यो । शिक्षाको क्षेत्रमा टाउकाले ढुङ्गा कुँदेर भए पनि आ-आफ्ना छोराछोरीलाई पढाउनु पर्दछ भन्ने सन्देश अभियानले दिनु पर्दछ भन्ने तर्क अलखेको रह्यो ।

त्यसैगरी चाहे सामाजिक क्षेत्रमा होस् वा विद्यालय परिसर कक्षाकोठामा होस् । आफूभन्दा तल्लो दर्जामा रहेका वर्ग ठानेर, हेपेर सम्बोधन गर्ने परम्परा छ । यसमा आमूल परिवर्तन गर्नुपर्दछ । प्रत्येक शिक्षक तथा विद्यार्थीले प्रत्येक शिक्षक तथा विद्यार्थीलाई एकआपसमा आदरार्थी शब्द प्रयोग गरेर सम्बोधन गरी बोलीबचन, व्यवहार र आचरणमा सुधार गर्नु पर्दछ । यसले समाजमा आत्मसम्मान र नैतिक बल प्रदान गर्न ठोस सहयोग पुऱ्याउँछ । यसरी शिक्षक विद्यार्थीबीचमा मात्र नभएर उपरोक्त शैलीको विकास समाजमा नै पुग्ने गरी विद्यालयले भूमिका खेल्न सक्नु पर्दछ । यसो गर्न सकिएको खण्डमा समाजमा रहेको विभेदपूर्ण अवस्थाको अन्त्य गर्न चाहने र नचाहने दुबै पक्षका बीचमा आत्मीयताको सम्बन्ध विकास हुन्छ । फलस्वरुप समाजमा एकआपसमा स्नेह, प्रेम र मायाममताको वातावरण सृजना हन्छ । जसले समतामूलक समाजको निर्माणमा सहयोग पुग्छ । समाजमा उपस्थित मानव जातिभित्र पनि खाल-खालका प्रकृति र प्रवृत्ति हुन्छन् ।

शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक र सामाजिक पक्षमा समेत सबल र दर्बल दुबै पक्षहरु समाजमा हुन्छन् । विभेदमा प्रभाव पार्ने यस प्रकारका तत्वलाई पहुँचवालाले कहिल्यै सम्झन र सोच्न सकेका हुँदैनन् । त्यसकारण तिनीहरुलाई पनि सोच्ने सम्झने वातावरण तयार गर्नु पर्दछ भन्ने कुरा अलखेले प्रष्टसँग त्यो कार्यक्रममा राख्यो । अलखेका यी भनाइमा कसैको कुनै बिमति रहेन । उसले भनेको कुराले सामाजिक रुपमा अपहेलित वर्गलाई विशेष प्रभाव पाऱ्यो । उसको तर्कबद्ध भनाइमा विशेष भरोसा गर्न सकिन्थ्यो । अलखेको यसप्रकारका भनाइबाट समाजमा 'तँ भन्दा म के कम' भन्ने भावनाबाट प्रेरित बर्गलाई आफू कति अज्ञानी, अविद्या, असभ्य, घमण्डी, शेखी, र अहङ्कारयुक्त रहेछु भन्ने कुराको महशुस गरायो । एउटा कुरुप अनुहार मगन्तेको भूमिकामा रहेको अलखेले उनीहरुको सामजिक बिभेदको विकृतियुक्त घैंटोमा प्रकाशको ज्योति छरेर उज्यालो बनाउने काम गऱ्यो ।

सामाजिक विभेद र समतामूलक विषयको अन्तरक्रिया कार्यक्रमलाई सहयोग पुऱ्याउन ठोस भूमिका खेले वापत अलखेलाई तत्कालै संभावनाले आफ्नो संस्थाको सक्रिय आजीवन सदस्यको रुपमा आमन्त्रित गरिन् । यसलाई सर्वसम्मत रुपमा निर्णय गरियो । यसबाट अलखे पनि मगन्ते मण्डलीको सिमित घेराबाट माथि उठेर एउटा अलौकिक पुजारीको रुपमा मान्यता प्राप्त गर्दै सामाजिक क्षेत्रमा रहेको एउटा प्रतिष्ठित संस्थाको सक्रिय आजीवन सदस्य बन्न पुग्यो । सदस्यता घोषणा गर्दा उसलाई अलखनन्दन पुजारीको नामाकरणबाट गरियो ।

आजबाट सामाजिक जनजीब्रोमा रहेको अलखेबाट अलखनन्दनमा रुपान्तरण भयो । यसबाट विद्यालय परिसरमा भएका स-साना बालबालिकाको बीचबाट नारा लाग्न थाल्यो । अलखनन्दन ! जिन्दावाद ! जिन्दावाद ! अलखनन्दन पुजारी ! जिन्दावाद ! जिन्दावाद ! बालकका बीचमा समीप्यता राखेर अलखेले आफ्नो पहिचान बनाएको थियो । यो पहिचान निर्माण गर्ने मुख्य माध्यम भनेको उसले बालकदेखि वृद्धसम्मका बीचमा प्रयोग गर्ने गरेका आदरार्थी शब्द नै थिए । शुरुका दिनमा मगन्ते अलखेलाई देख्ता ढुङ्गामुढा गर्ने बालबालिकाले पनि प्रमाणित गरेर देखाए । अलखनन्दन जिन्दावाद भनेर ।

कविता

तिमीले पर्खिनु छ

अमित संग्रौला

यो पर्खाइ त हो
कति कठिन हुन्छ
तिमीले पर्खदा-पर्खदै गर्दा
तिमीलाई भेट्न म आउने छु ।

उत्सवमा चराहरूले गीत गाउनेछ
कोपिलामा रङ्ग चढेपछि
फुलहरू मुस्कुराउनेछ
त्यो दिन जब
तिम्रो र मेरो भेट हुनेछ ।

पर्खनु त कति पीडा छ
कति कष्ट झेल्नु पर्नेछ
यो समय पर्खनु बाहेक
अरू उपाय छैन
यो बर्खाको झरी देख्दा पनि
उदास लाग्न सक्छ तिमीलाई ।

धर्य गर, प्रतिक्षा गर
एउटा प्रेमीले
आफ्नो प्रेमिकालाई पर्खिरहेको छ
बर्षौंदेखिको पर्खाइपछि त्यो मिठो क्षण
कति आनन्दित हुन्छ ।

प्रतिक्षा गर्नु त प्रेम गर्नु हो
माया गर्नु हो, विश्वास गर्नु हो
यो चलिरहेको बतास
यो दर्किरहेको पानी यो फूलहरू
तिमीलाई याद गरिरहेको छ
विश्वास राख
म एकदिन अवश्य आउनेछु
यो समय तिमीले पर्खनुछ ।

बिर्तामोड, झापा (हाल मलेसिया)

d/d]f]gjQ hLjg

वेणु अधिकारी

जीवन के हो ? कसरी सहजसँग जीवन निर्वाह गर्न सकिन्छ ? यी प्रश्न हिजोआज निकै गम्भीर बनि हाम्रोसामु तेर्सिने गरेको पाइन्छ । मैले जन्मेदेखि हालसम्म आइपुग्दा पनि जीवनको शाब्दिक परिभाषा पाउन सकिरहेको छैन । तर, धेरैले आफ्नो तरिकाले जीवनलाई बुझ्ने र परिभाषित गर्ने नगरेका भने होइनन् । खयर जेहोस् मेरो अनुभवबाट प्राप्त भोगाईलाई कसरी हेरिन्छ, त्यसलाई अनुभूत गरी आफ्नो निवृत्त जीवनको अनुभव सँगाल्दै भावी कार्यदिशा निर्धारण गर्ने प्रयत्न गरेको छु ।

जीवनको पहिलो दायित्व भनेको शिक्षा आर्जन गर्नु हो । यो घडीमा कयौं उतारचढाव आउने गर्छ । ती सबको सामना गर्दै उपल्लो तहको ज्ञान आर्जन गरी शैक्षिक प्रमाणपत्र प्राप्त गर्नु उसको मुख्य दायित्वभित्र पर्ने भएकाले ऊ त्यसैमा सर्वैंभरि व्यस्त रहनु हो । जब ऊ शैक्षिक योग्यताका लागि सक्षम हुन्छ । तब मात्र ऊ कुनै सरकारी पेसामा प्रवेश गर्न योग्य हुन्छ । यहींबाट उसको जीवनको भावी दिशा तय अर्थात् निर्धारण हुन्छ । यहीं क्रममा मेरो पनि प्राप्त गरेको शैक्षिक योग्यताका आधारमा जागिरे जीवनको बाटो तय भएको हो ।

पिता तेजप्रसाद र माता चन्द्रादेवी अधिकारीको कोखबाट वि.सं. २०२१ सालमा धनकुटा जिल्लाको चानुवामा पाँचौं पुत्रको रुपमा जन्म भएको हो । एक वर्षको उमेरमा नै बसाई सराई गरी झापाको बैगुन्धुरामा आएर वि.सं. २०२२ सालदेखि स्थायी बसोवास गर्दै आएकोमा हाल झापा कै गौरादह नगरपालिकाको वडा नं. २ मावि सं.२०५३ सालदेखि स्थायी रुपमा बसोबास गर्दै आइएको छ । घरमै बसी कक्षा ३ सम्मको अनौपचारिक शिक्षापछि धनकुटाको मारेक कटहरेमा अवस्थित विद्यालयबाट औपचारिक शिक्षा आरम्भ गरी बैगुन्धुराको अमर मावि हुँदै महेन्द्र मावि विराटनगरबाट एसएलसीसम्मको अध्ययन पूरा गरी मोरङको महेन्द्र मोरङ्ग आदर्श बहुमुखी क्याम्पसबाट आइए र धनकुटा कै धनकुटा बहुमुखी क्याम्पसबाट स्नातक तहसम्मको शिक्षा आर्जन गरी राष्ट्र सेवामा प्रवेश गरियो ।

वि.सं. २०४५ सालमा धनकुटाको मारेक कटहरेमा अवस्थित श्री ऐश्वर्य प्राविको प्रा. तहको पदमा प्रअको जिम्मेवारीबाट मेरो शैक्षिक यात्रा आरम्भ हुन्छ । झण्डै तीन वर्षको अनुभवपश्चात झापाबाट प्रावि तहमा शिक्षा सेवा आयोगको परीक्षामा उत्तीर्ण गरी सोही जिल्लाको तारावारी प्रावि, दमकमा स्थायी पदपूर्ति भई स्थायी सेवा सुचारु हुन्छ । यही क्रमामा शिक्षण पेसालाई मुख्य पेसा बनाउँदै शिक्षण जीवनकालमा आफ्नो ऊर्जाशील जीवन चलिरह्यो । शैक्षिक पीडा अवतरण गर्ने क्रममा श्री पशुपति प्रावि, दमक, श्री अमर मावि, बैगन्धुरा, श्री गौरिया निमावि, जुरोपानी हुँदै श्री सूर्योदय आवि, गौरादहमा स्थायी निमावि तहको शिक्षक पदबाट शैक्षिक अनिवार्य अवकाश प्राप्त भयो । यस अवधिसम्म आइपुग्दा ३६ वर्षको अनुभव सकुल समाल्न सफल भइयो । ज्ञान, सीप र प्रवृति सँगाल्दै बटुलेको अनुभवले शिक्षण सेवामा कार्यरत रही कयौं बालबालिकाहरुलाई देश निर्माण गर्न सुयोग्य नागरिक बनाइयो । त्यसको यक्किन तथ्याङ्क दिन नसके पनि संख्यात्मक रुपमा धेरै पुग्दछ भने गुणात्मक रुपमा पनि यसको संख्या उलेख्य नै हुन आउँछ । यो पेसाप्रति उत्तरदायी र जवाफदेही बनि निष्ठापूर्वक गरिएको सेवाले सामाजिक उत्तरदायित्वको बोध हुन्छ । शिक्षण एक साधना हो भने परिमाण साध्य हो ।

जीवन एउटा साधना हो । व्यक्ति एउटा साधक हो । यही साधनामा रहेर साधकले साधना गर्नु नै उसको सफल जीवनयापन हो । अतः यही साधनामा रहेर मैले पनि साधकको भूमिकामा रही निर्वृत जीवन व्यतीत गर्ने सोच बनाएको छु । जुन समाजप्रति उत्तरदायी बनेको छ । समाज रुपान्तरणमा पनि अहम् भूमिकामा रहेको देखिन्छ । यही मूलमन्त्र लिएर अघि बढे अवश्य पनि साध्यमा पुग्न सकिँदोरहेछ भन्ने कुरामा म विश्वस्त छु । त्यसैको परिणाममुखी फल हो, आजको निवृत्त जीवन ।

अवकाश भएपछिको निवृत्त जीवन बिताउने सवालमा हरेक व्यक्तिको आफ्नो भूमिका फरक हुन्छ । यसमा यही विधि र नियम छ भन्ने हुँदैन । त्यो खासगरी निवृत्त व्यक्तिको रुचीमा भर पर्ने गर्दछ । जसको रुची जेमा जाग्छ, उसले त्यही नै गर्ने हो । यति चाहिँ पक्का हो, उसले अँगालेको स्थायी पेसाको दाँजोमा यो बाँकी अवधि भने न्यून हुन आउँछ । कोही यस भूमिकामा आइपुग्दा केही नगरी आनन्दित जीवन व्यतीत गर्न चाहन्छन् त कोही सामाजिक सेवा प्रवाह गर्न तल्लीन देखिन्छन् । यी सबै व्यक्तिको लगनशीलता र इच्छाशक्तिले निर्भर गर्ने गर्दछ । शिक्षण पेसामा सेवारत छदै मेरा पनि रुचीहरू धेरै थिए । तर, मैले खासगरी शिक्षण, साहित्य र पत्रकारितालाई भुख्य रुचीमा राखेको थिए । त्यही समयदेखि छनोट गरिएका यी पेसा मेरा लागि अति नै प्रिय थिए । आज अवकाश भएर पनि यिनैलाई अँगालेको छु । यसले मेरो निवृत्त जीवन निर्वाह गर्न एक अभिन्न अङ्ग रुपमा भूमिका निर्वाह गरेको छ भने सामाजिक रुपान्तरणमा पनि उत्तिकै सशक्त बन्दै गएको छ ।

विभिन्न संघ-संस्थाहरुबाट मेरो कामको मूल्याङ्कनको आधारमा हिजोदेखि आजसम्म आइपुग्दा दिएका झण्डै एक दर्जन जति सम्मान र पुरस्कार प्राप्त गरी सकेको छु भने केही राष्ट्रिय स्तरका लेख लेखन प्रतियोगितामा समेत छनोट भई सम्मान र पुरस्कार समेत हात लागेका छन् । यिनले पनि मेरो जीवनलाई सहजरुपमा अवतरण गर्न मार्ग निर्देश गरेका छन् । विद्यालय कालीन समयदेखि नै साहित्यमा कलम चलाउँदै आएको थिए । त्यही समयमा चार वटा पुस्तक पनि प्रकाशित भए । प्रकाशित पुस्तकहरुमा कविता संग्रहका मातृभूमि, वर्तमानका आस्था र खुला आकाश गरी तीन वटा रहेका छन् भने पूर्व प्राथमिक तहका नानीहरूका लागि अंग्रेजी लेखनको लागि अभ्यास पुस्तिका समेत प्रकाशित गरिसकेको छु । यी प्रकाशित कृतिले पनि मेरो निवृत्त जीवन निर्वाहमा पूर्ण सहयोग पुग्ने विश्वास लिएको छु ।

यसैगरी मेरो रुची अनुसार यस जिल्लाभित्रका देखि वाह्य जिल्लामा रहेका पत्र पत्रिकामा स्तम्भ लेख्दै आएको पनि झण्डै दुई दशक नै बित्न लागेछ । त्यहीदेखि जागेको मेरो रुचीले वि.सं. २०६७ सालदेखि मेरै प्रकाशक/सम्पादनमा प्रकाशित साप्ताहिक 'कसार'ले पनि मेरो निवृत्त जीवनपछिको बाटो तय गरिदिएको छ । आजसम्म निरन्तर रुपमा प्रकाशित पत्रिकाले मेरो भावी जीवनको गोरेटो निर्माण गरिदिएको छ । सामाजिक रुपमा पनि विभिन्न संघ-संस्थामा गरेको जिम्मेवारी र भूमिकाले भावी जीवनको गोरेटो कोरिदिएको छ । यी र यस्तै प्रतिनिधिमूलक भूमिकामा रहेर गरिने कर्मले आगामी दिनको जीवन यात्रा तय गर्न अग्रणी भूमिका खेल्नेछ । अतः यिनै प्रतिनिधि क्रियाकलापहरुले अब उप्रान्त जीवन साधनाको बाटो तय गरी सध्यामा पुग्न पूर्ण सहयोग मिल्छ भन्ने विश्वासका साथ मेरो निवृत्त जीवन व्यतीत गर्ने तर्फ उद्यत रहने छु ।

कमलका कृषकलाई कृषि औजार

कमल, असार ७। कमल गाउँपालिका कृषि विकास शाखाले एक कार्यक्रमको आयोजना गरी कृषकलाई कृषि सामग्री तथा मेसिनरी औजार वितरण गरेको छ ।

शाखाको चालू आर्थिक वर्षको स्वीकृत कार्यक्रम अन्तर्गत कृषकको मागका आधारमा गाउँपालिकाका अध्यक्ष हुकुमसिंह राई मार्फत कृषकलाई कृषि सामग्री तथा मेसिनरी औजार वितरण गरिएको हो ।

कमल गाउँपालिकाको मुख्य पेसा भनेकै कृषि पेसा भएको र व्यवसायिक रुपमा कृषि पेसा गर्दै आएका कृषकलाई कृषि सामग्रीले उत्पादनमा ठूलो सहयोग पुग्ने भएर नै कृषि सामग्री वितरण गरिएको गाउँपालिकाका अध्यक्ष राईले बताए ।

हस्तान्तरण गरिएका सामग्रीमा ७५ प्रतिशत अनुदानमा एक सय एक जनालाई टनेल, ३४ जनालाई मल्चिङ्ग प्लाष्टिक वितरण गरिएको थियो भने ५० प्रतिशत अनुदानमा २२ जनालाई स्प्रे ट्यांकी, नौ जनालाई हाते ठेला र एक जनालाई मकैलाई ड्याङ्ग लगाउने मेसिन वितरण गरिएको कमल गाउँपालिका कृषि विकास शाखाका प्रमुख महेन्द्र बोहोराले बताए ।

गत वर्षसम्म कृषकको मागको आधारमा सामग्री वितरण गरिन्थ्यो । तर, यो वर्ष वडाबाट सिफारिस भएर आएका कृषकलाई शाखाद्वारा दिएको निर्देशन अनुसार टनेल घर निर्माण गरिसकेपछि जनप्रतिनिधि र कर्मचारीले अनुगमनपश्चात मात्र सामग्री वितरण गरिएको कृषि प्राविधिक प्रेम पोखेलले जानकारी दिए ।

कमल गाउँपालिकाले कृषक लक्षित विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । कृषकलाई आत्मनिर्भर बनाउँदै कृषि उत्पादनलाई बढावा दिने मुख्य रहेको जनाइएको छ ।

शैक्षिक सामग्री वितरण

पथरीशनिश्चरे, असार ७। मोरङ्गको पथरीशनिश्चरे वडा नं. ८ ले मिलन आधारभूत विद्यालयमा अध्ययनरत् विद्यार्थीहरूलाई शैक्षिक सामग्री वितरण गरेको छ ।

विद्यालय पोशाक स्वरुप एक-एक थान ट्र्याकसुट निःशुल्क वितरण गरेको हो । नयाँ डेक्सबेन्च, बाल उद्यानका पिङ, चिप्लेटी, चाकलचुकुल तथा खेलौनाका सामग्रीहरु, शैक्षिक सामग्रीहरु, मादल, गीतार, पिटी ड्रम लगायत संगीत कक्षाका सामग्रीहरु, साना नानीहरूलाई सुत्ने डसना, सिरानी, झुल, वर्षभरि पुग्ने विभिन्न कार्यक्रममा पुरस्कार दिन पुग्ने कापी कलम, डस्टबीन लगायत चार लाख बराबरको आवश्यक विभिन्न शैक्षिक सामग्रीहरु विद्यालयलाई वितरण गरिएको वडा अध्यक्ष नवीन कार्कीले जानकारी दिए ।

त्यस्तै, विद्यालयमा शैक्षिक सत्र २०८० मा प्रथम, दोस्रो र तेस्रो हुने विद्यार्थीहरुलाई पुरस्कृत गरी सबैलाई छात्रवृत्ति समेत वितरण गरिएको थियो । कार्यक्रममा वडाध्यक्ष कार्कीले वडा कार्यालय वडाभित्र रहेका सबै सामुदायिक विद्यालयको रुपान्तरणमा लागेको र त्यसमा समुदायका सबैले आफ्नोतर्फबाट सहयोग गर्नुपर्ने बताए ।

प्रमुख अतिथि नगर प्रमुख मोहनप्रसाद तुम्वापोले वडा नं. ८ ले सामुदायिक विद्यालय निर्माणमा देखाएको चासो र चिन्ताको बिषयमा वडाध्यक्ष कार्कीसहित वडाका अन्य जनप्रतिनिधिलाई धन्यवाद दिएका थिए ।

करेसाबारी प्रवर्द्धनमा सहयोग

झापा, असार ७। भद्रपुर नगरपालिकाले किसानलाई करेसाबारी तालिम दिएर कृषि सामग्री पनि वितरण गरेको छ । चालू आवमा शहरी क्षेत्र लक्षित करेसाबारी प्रवर्द्धन कार्यक्रम अन्तर्गत तरकारी खेती विस्तार गर्न नगरपालिकाले किसानलाई सहयोग गरेको हो ।

नमूना करेसाबारी प्रवर्द्धन कार्यक्रमका लागि कृषि विकास शाखामा नगरपालिकाको वडा नं. ५, ६, ७, ८ र १० बाट सिफारिस भएर छनोटमा परेका नमूना किसानलाई लक्षित गरिएको नगर प्रमुख गणेश पोखरेलले बताए । 'कुहिने फोहरलाई कम्पोष्ट मल बनाउन सके फोहरको सदुपयोग हुन्छ, तरकारी सप्रिनुका साथै वातावरण स्वच्छ राख्न मद्दत पुग्छ' -उनले भने ।

त्यसैगरी नगर उपप्रमुख राधा कार्कीले करेसाबारीमा उत्पादन गरेका खानेकुरा ढुक्क भएर उपभोग गर्न सकिने भएकाले सबै नगरबासीलाई करेसाबारी खेतीमा लाग्न आग्रह गरे । 'हामीले चाहेका बखत उपभोग गर्न पाउने गरी पुदिना, धनियाँ, अकबरे लगायत बिरुवा रोप्न सक्छौँ र सजिलोसँग उपभोग गर्न सक्छौँ । किनेर ल्याएको खानेकुरामा विषादी मिसिएको हुनसक्छ, त्यसैले कसेसाबारीको उत्पादन निर्धक्क भएर खान सकिन्छ' -उपप्रमुख कार्कीले भनिन् ।

कृषि विकास शाखाले पाँच वडाबाट ७५ घर छनोट गरी स्प्रे ट्याङ्की, तरकारीको बीऊ, कुहाउने जैविक झोल, बीऊ राख्ने ट्रे, पानी हाल्ने हजारी, पञ्जा, जैविक विषादी, करेसाबारीका औजार निःशुल्क वितरण गरेको कृषि विकास शाखाका प्रमुख सुमन विमलीले जानकारी दिए ।

बाखाको खोर अनुगमन

बिर्तामोड, असार ७। बिर्तामोड नगरपालिका वडा नं. ६ मा निर्माण गरिएका बाखाको खोरहरुको अनुगमन गरिएको छ ।

नगर प्रमुख पवित्रा महतारा प्रसाईले शेर्मा टोलमा पुगेर नगरपालिकाको सहयोगमा निर्माण गरिएका बाखाका खोरहरुको अनुगमन गरेकी हुन् । अनुगमनका क्रममा नगर प्रमुख प्रसाईले खोरलाई अझै व्यवस्थित बनाउन सबैलाई सुझाव दिइन् ।

बिर्तामोड नगरपालिकाले मेयर पकेट प्याकेज कार्यक्रम अन्तर्गत बाखापालनका लागि प्रतिकृषक समूह ४५ वटाका दरले बाखा, बिऊ बोका, खोर निर्माणका लागि प्रतिखोर ३५ हजार रुपैयाँ, बाखाको बीमा, खोप, सिजनको घाँस र औषधि उपचारमा समेत सहयोग गर्दै आएको छ ।

नगरपालिकाले आर्थिक वर्ष २०७४/०७५ यता छ सय ७५ वटा बाखा, १५ वटा बोयर जातका बोका वितरण र दुई सय २५ वटा खोर निर्माण गरेको छ । त्यसैगरी नगरपालिकाले मेयर पकेट प्याकेज कार्यक्रम अन्तर्गत नै १३ वटा समूहलाई तीन सय ९० वटा बंगुरका पाठा र १३ वटा विर वितरण गरेको छ । नगरले बंगुरपालनका लागि एक सय ९५ वटा खोर निर्माण गरी दिएको छ ।

खोर अनुगमनमा नगर प्रमुखसँगै पशुपंक्षी तथा मत्स्य विकास शाखा प्रमुख सावित्रा दाहाल, सब इन्जिनियर दिपेश निरौला र स्थानीय समाजसेवी तथा सन्देश बंगुरपालन समूहकी अध्यक्ष आईतमाया शेर्माको सहभागिता रहेको थियो ।

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

शोवर्मा पारखीहरूका लागि
यम्मी शोवर्मा पोइन्ट
अब बिर्तामोडमा

सम्पर्क
शनिश्चरे रोडदेखि अतिथि सदन जानेबाटो गोर्खा डिलर छेउ
मोबाइल : ९८१४०२१५१७

सेफ्टी ट्यांकी चाहिएमा

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*

सम्पर्क: दमक, सुरङ्गा, बिर्तामोड, काँकरभिट्टा, भद्रपुर
देवराज गिरी
९७०६१९६४०६
९८४२०७०५८६
विशाल हरिजन
९८१४९१७७११
९८४२७३३६१२

ताप्लेजुङ -पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेडसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२
९८०१३६४०९३

उच्च गुणस्तर सुलभ मूल्य
सयपत्री बालुवा प्रशोधन उद्योग

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।

सम्पर्क :
९८०४९५४४००,
९८६६२४२४६६
अर्जुनधारा नपा- ४, झापा

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

काठ शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

दोस्रो पटक प्रकाशित मिति: २०८१/०३/०८ गते

चन्द्रसूर्य सा.व.उ.स., माई नपा-१ इलामको वनबाट आ.व. २०७८/०७९ र ०८०/०८१ मा उत्पादन भई समूहको घाटगद्दीयमा लट बनाइ राखिएका काठहरु डि.व.का. इलामको च.नं. क्रमशः १०४०७, १०४११ मिति २०८१/०१/२८ गतेको लिलाम सहमति अनुसार साल गोलियो थान ८७ को १२९४.३० क्यु. फि. जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन पैदावार सम्बन्धित कार्य गर्ने इच्छुक सूचिकृत फर्म र कम्पनीले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ दिनभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स. को कार्यालय तथा जिल्लास्थित विभिन्न कार्यालयहरुको सूचना पाटीमा टाँस गरिएको छ ।

चन्द्रसूर्य सा. व. उ. स.
माई नपा-१, इलाम

जनहितमा जारी सूचना

नगरपालिकालाई बुझाउनुपर्ने घर, जग्गा र मालपोत दस्तुर व्यवसाय कर लगायत कर नियमित तिरौं ।

जन्म, मृत्यु, बसाइसराइ जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।

सार्वजनिक सम्पत्ति संरक्षणमा नगरपालिकालाई सहयोग गरौं ।

बिर्तामोड नगरपालिका
बिर्तामोड, झापा, कोशी प्रदेश

बाढीपहिरोबाट जोगिऔं

जथाभावी सडक निर्माण र वन विनाशले बाढी-पहिरो निम्त्याउने हुँदा
- वृक्षारोपण गरौं, वनजंगल जोगाऔं, बाढी-पहिरो नियन्त्रण गरौं ।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालो जस्ता भू-क्षय रोक्ने खालको बिरुवा रोपौं र संरक्षण गरौं ।
- आफ्नो बस्ती तथा समुदायको रक्षा गरौं ।
- बाढी तथा पहिरो गएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं ।
- बाढी-पहिरोबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।

माई नगरपालिका
नगर कार्यपालिको कार्यालय
सितली, इलाम

बराल ट्याक्सी सर्भिस
दमक-बिर्तामोड-जितपुर-मंगलबारे
दैनिक सेवा
रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

छुट्ने समय	सम्पर्क (चालक)	
दमकबाट : बिहान ६ बजे	सन्तोष	जीवन कार्की
बिर्तामोडबाट : बिहान ७ बजे	९८०६०१८१७४	९८१६९४०१७३
मंगलबारेबाट : दिउसो १२ बजे	९८४०३८७६७५	मे १ ज १६७०

काठ शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

दोस्रो पटक प्रकाशित मिति: २०८१/०३/०८ गते

सूर्योदय सा.व.उ.स., माई नपा-१ इलामको वनबाट आ.व. ०७७/०७८, २०७८/०७९ र ०८०/०८१ मा उत्पादन भई समूहको घाटगद्दीयमा लट बनाइ राखिएका काठहरु डि.व.का. इलामको च.नं. क्रमशः १०४८५, १०४८६ र १०४८७ मिति २०८१/०१/३० गतेको लिलाम सहमति अनुसार साल गोलियो थान २४० को २८०४.७७ क्यु.फि.लिलाम सहमति अनुसार जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन पैदावार सम्बन्धित कार्य गर्ने इच्छुक सूचिकृत फर्म र कम्पनीले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ दिनभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स. को कार्यालय तथा जिल्लास्थित विभिन्न कार्यालयहरुको सूचना पाटीमा टाँस गरिएको छ ।

सूर्योदय सा. व. उ. स.
माई नपा-१, इलाम

नेपालीहरुको लागि भरपर्दो सेवा
निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

पानीटंकीको पहिलो गल्ली दायाँ साइड सम्पर्क : निशान्त-
८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।
Youtube Channel : Nishat M jotic kendra

ज्यो. पं. खेमप्रसाद पौ
फोन सम्पर्क ९८५११५४

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला ।

बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -
मन अशान्त रहन सक्छ, पारिवारिक कारणले मनमा चिन्ता बढ्नेछ, व्यर्थको यात्रा गर्नुपर्नेछ, खर्च बढेर जानेछ ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -
मन प्रशन्न रहला, धन, स्वास्थ्य लाभको साथै सुख प्राप्त होला, शत्रुमाथि विजय प्राप्त हुनेछ ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -
बोल्दा विचार पुऱ्याउनुहोला, नयाँ वश्त्र प्राप्तिको योग छ, पराक्रममा वृद्धि होला, आफन्तजनको सहयोग प्राप्ति होला ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -
समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, मन प्रशन्न रहला ।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -
स्वास्थ्य प्रतिकुल बनेर जानेछ, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला ।

तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -
कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुनसक्छ ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -
समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -
धार्मिक कार्यमा सहभागी हुने दिन रहेको छ, बोल्दा विचार पुऱ्याउनुहोला, घुँडा तथा ढाडमा समस्या हुन सक्छ ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -
आज क्रोधलाई नियन्त्रणमा राख्नुहोला, बोलिको प्रभावले बन्नै लागेको काम पनि बिग्रन सक्छ, इष्टमित्रले साथ दिनेछन् ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -
सन्तान पक्षबाट सुखद् खबर सुनिने छ, नचिताएको ठाउँमा यात्रा हुन सक्नेछ, प्रेम सम्बन्ध कसिलो बनेर जानेछ ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -
अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नेछ, मन हर्षित हुनेछ ।